कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय
खलगा सल्यान, नेपाल

## सेलर मिल उद्योगका लागि प्रविधि हस्तान्तरण कार्यक्रम सम्बन्धी प्रस्ताव आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मितिः-२०८३।०१।०४**

चालु आ.व.२०८२/०८३ को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार सल्यान जिल्लामा रहेका सेलर मिल उद्योगहरु विकास, विस्तार र प्रवर्द्धनका लागि आवश्यक पर्ने प्रविधि लागत सहभागीताका आधारमा अनुदानमा उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा इच्छुक सेलर मिल उद्योगहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र देहायका कागजातहरु संलग्न गरि प्रस्ताव पेश गर्नुहुन जानकारी गराईन्छ ।

क. कार्यक्रम/आयोजनाको नाम : सेलर मिल उद्योगका लागि प्रविधि हस्तान्तरण कार्यक्रम
ख. उद्देश्य : सेलर मिलका लागि आवश्यक पर्ने प्रविधि लागत सहभागितामा उपलब्ध गराउने ।
ग. कार्यक्रम/आयोजना संचालन हुने स्थान : सल्यान जिल्ला ।
घ. आवेदनको ढाँचा अनुसूची १ फारम कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।साथै अनुसूची फारम कार्यालयको वेवसाईड salyanoicp.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

संलग्न गर्नुपर्ने कागजात (पहिलो ७ वटा कागजात अनिवार्य पेश गर्नुपर्नेछ):

१. अनुसूची-१ बमोजिको निवेदन, कार्यक्रम प्रस्ताव सम्बन्धी विस्तृत विवरण भएको व्यावसायीक योजना ।
२. उद्यमीको नेपाली नागरिकताको प्रतिलिपि, उद्योग दर्ता र नविकरणको प्रमाण पत्रको प्रतिलिपि ।
३. कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, गत आ.व. २०८१।०८२ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र ५० लाख भन्दा बढी कुल पूँजी भएको उद्योगको हकमा लेखापरीक्षण प्रतिवेदन (म्याद समाप्त भएको भए म्याद थमौती पत्र समेत)
४. अनुदान उपलब्ध गराइदिने व्यहोराको स्थानीय तहको सिफारिस।
५. अन्य/विभिन्न क्षेत्रबाट अनुदान प्राप्त गरे/नगरेको सम्बन्धमा स्वःघोषणा पत्र ।
६. राजनैनितक तटस्ता सम्बन्धी स्वःघोषणापत्र ।
७. कुनै सरकारी /गैरसरकारी निकायमा प्रचलित कानून बमोजिम कालो सूची परे/नपरेको स्व : घोषणापत्र ।
८. आवश्यक सामाग्रीसंग मेल खाने विस्तृत स्पेशिफिकेशन खुल्ने ब्रोसियर । ब्रोसियरमा अनुदानग्राहीको हस्ताक्षर र फर्मको छाप अनिवार्य रुपमा हुनुपर्नेछ ।
९. लक्षित वर्ग (दलित, आदिवासी जनजाती, पिछडिएको समुदाय, अल्पसंख्यक, अपांग) उद्यमीहरुको हकमा सम्बन्धित निकायहरुबाट प्रमाणित कागजातको प्रतिलिपि ।
१०. तालिम प्राप्त जनशक्ति कार्यरत रहेको भए कामदारको तालिम सम्बन्धी कागजातको प्रतिलिपि ।
११. ईजाजत/अनुमती/अनुज्ञापत्र लिनुपर्ने उद्योगको हकमा सो समेत संलग्न गर्नुपर्ने र उक्त प्रमाणपत्र नविकरण गरेको हुनुपर्नेछ ।
१२. आवश्यक अन्य कागजात एवंम विवरण ।

नोट :

क. यो कार्यक्रम मार्फत उपलब्ध गराईने अनुदान सहयोगको हकमा लागतको ५०% हुनेछ ।
ख. अनुदानग्राहीको उद्योग दर्ता भै सञ्चालन अवस्थामा रहेको हुनुपर्नेछ । अनुदानग्राही प्रोप्राइटर फर्म भएमा प्रोप्राइटरलाई अनुदानग्राही मानिनेछ, साझेदार फर्मको हकमा सम्पूर्ण साझेदारलाई अनुदानग्राही मानि सबै साझेदारबाट हस्ताक्षरित कागजात पेश हुनुपर्नेछ ।
ग. अनुदानग्राहीले, सूचनामा तोके बमोजिमका कागजात सहित आवेदन उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, सल्यानमा तोकिएको मिति तथा समय भित्र पेश गर्नुपर्नेछ । अनुदानग्राहीले पेश गर्ने प्रत्येक कागजातको पछाडी स्वंय प्रमाणित गरेको हुनुपर्नेछ ।अनुदानग्राहीले प्रस्ताव एंव संलग्न कागजात सिलबन्दी गरि पेश गर्नुपर्नेछ ।
घ. प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन कार्यालय समयभित्र प्रस्ताव दर्ता गराउन सकिनेछ ।
ङ. प्रस्ताव स्वीकृत, अस्वीकृत तथा स्थगित गर्ने सम्पुर्ण अधिकार कार्यालयमा निहित रहनेछ ।

पुनश्चः थप जानकारीको लागि कार्यालय समय भित्र कार्यालयको टेलिफोन नं ०८८ ५२००१२ वा मो.नं. ९८५७८८४९८४ सम्पर्क गर्नु होला ।

श्यामलाल खरेल
कार्यालय प्रमुख

अनुसुची-१

(दफा ६ सँग सम्बन्धित)

कार्यक्रम अनुदानको लागि पेश गर्ने निवेदनको नमूना ढाँचा

मितिः..................

श्री.............................

.............................

........................।

बिषयः अनुदान उपलब्ध गराइदिनुहुन।

तहाँ मन्त्रालय/निकाय बाट मिति................मा प्रकाशित सूचना अनुसार संचालन हुन लागेको कार्यक्रमको उद्देश्य, लागत, समयावधि, लाभान्वित जनसंख्या लगायतको विवरण तपसिलमा उल्लेख गरिएको छ। कार्यक्रम संचालन गर्न आर्थिक/वस्तुगत/लागत साझेदारी सहयोग आवश्यक परेको हुँदा अनुदान उपलब्ध गराईदिनुहुन अनुरोध गर्दछौं।

तपसिलः

अनुदानग्राहीको नामः..........................................................

ठेगानाः...........................................................................

कार्यक्रमको नामः...............................................................

कार्यक्रमको उद्देश्यः...........................................................

अनुदान रकम आवश्यक पर्ने कारणः.......................................

संचालन हुने कार्यक्रम नयाँ वा क्रमागत के हो (क्रमागत भए गत आ.व. सम्मको लेखापरीक्षण प्रतिवेदन समावेश गर्ने)-..........................

अनुदान रकम आवशयक पर्ने भनी सम्बद्ध समितिको निर्णय तथा सिफारिसः.......................

कार्यक्रम संचालन गर्न लाग्ने कूल लागत (प्रमाणित लागत अनुमान सहित).......................

कार्यक्रम सम्पन्न गर्न लाग्ने समयः............................

कार्यक्रम संचालन गर्ने कार्ययोजनाः...........................

कार्यक्रमबाट लाभन्वित संभाव्य जनसंख्याः..................

अनुदानग्राही निकायको प्रमुख

नाम थरः.......................

पदः.......................

हस्ताक्षरः

छापः

द्रष्टव्यः कार्यक्रमको प्रकृति अनुसार यस ढाँचालाई आधार मानी मन्त्रालयले निवेदनको ढाँचा तयार गर्न सक्नेछ।